बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८१/८२

## कृषि विकास कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हानको सूचना

सूचना नं-२

प्रथम पटक प्रकाशित मिति २०८१/०७/२५

कृषि विकास कार्यालय, ललितपुरको आ.ब.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गर्न यस कार्यालयको कार्यक्षेत्र ललितपुर, काठमाण्डौ र भक्तपुर भित्रका इच्छुक/योग्य आवेदकहरु (कृषक समुह/कृषि सहकारी/कृषि फार्म/कृषि कार्यगर्ने कम्पनीहरु) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८१/०८/१६ गते) कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात, निवेदन सहित अनुसूचीमा उल्लेख भए बमोजिमको प्रस्ताव तयार गरी यस कार्यालय वा कृषि सेवा केन्द्र, बुढानिलकण्ठ-२, चपली, काठमाण्डौ र कृषि सेवा केन्द्र, सुर्यविनायक-५, भक्तपुरमा दर्ता गर्नुहुन सूचना आव्हान गरिन्छ ।रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै तपशिलमा उल्लेखित कार्यक्रमहरु संचालनको लागि कार्यालयको बेवसाइट www.lalitpur.akc.gov.np मार्फत अनलाइन आवेदन, सूचना तथा कार्यविधिहरु प्राप्त गर्न सकिनेछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडाको बेवसाइट www.molmac.bagamati.gov.np बाट पनि कार्यविधिहरु डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्बर ०१-५४३४५७३, ०१-५४५६०३७, कृषि सेवा केन्द्र, काठमाडौ ०१-५९२२८५०, कृषि सेवा केन्द्र, भक्तपुर ०१-५९२२८४७ का साथै कार्यालयको फेसबुक पेज कृषि विकास कार्यालय, ललितपुर बाट पनि जानकारी लिन सकिनेछ ।

**तपशिल**

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | प्रति कार्यक्रम न्यूनतम मापदण्ड | आवेदक |
|---|---|---|---|---|---|---|
| १ | साना सिंचाई निर्माण कार्यक्रम | संख्या | १७ | ५१ | कार्यविधिमा उल्लेख भए अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| २ | बाझो खेतमा साना सिंचाइ कार्यक्रम | संख्या | ५ | १५ | कार्यविधिमा उल्लेख भए अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४५ | ९० | कम्तीमा १ हेक्टरको क्लष्टरमा प्रति आवेदक न्यूनतम १ रोपनी | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ४ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | १० | १० | कम्तीमा २ हेक्टरको क्लष्टरमा प्रति आवेदक न्यूनतम २ रोपनी | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ५ | संरक्षित संरचनामा गोलभेडा खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ६ | ४२ | कम्तीमा १८० व.मी.मा खेति गरिएको हुनुपर्ने | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ६ | लसुन प्याज प्रवर्द्धन कार्यक्रम | पटक | १ | १४ | कम्तीमा १ हेक्टरको क्लष्टरमा प्रति आवेदक न्यूनतम १ रोपनी | कृषक समुह, कृषि सहकारी, निजी फर्म |

०८१/०७/२५

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मानभवन, ललितपुर, नेपाल

पत्र संख्याः ०८१/८२

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | बजेट रु. लाखमा | प्रति कार्यक्रम न्यूनतम मापदण्ड | आवेदक |
|---|---|---|---|---|---|---|
| ७ | च्याउ खेती प्रवर्धन कार्यक्रम | संख्या | ११ | ५५ | कन्येः-१५०० किलो वीउ बरावर गोब्रेः-२०० किलो वीउ बरावर सिताकेः- २००० मुडामा खेती गर्नुपर्ने । | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ८ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे .टन | ५० | ५ | प्रति किलो रु १० अनुदान सहयोग । | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ९ | स्मार्ट एग्रिकल्चर प्रविधि अबलम्वन सहयोग कार्यक्रम | संख्या | १ | २० | खुल्ला जमिनमा ३ रोपनी र संरक्षित संरचनामा कम्तीमा १८०व.मी.मा खेति गरिएको | निजी फर्म |
| १० | संरक्षित संरचनामा व्यवसायिक तरकारी तथा पुष्प खेती प्रबर्द्धन कार्यक्रम | पटक | २ | १०० | कार्यविधिमा उल्लेख भए अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| ११ | कौशी खेति प्रवर्द्धन कार्यक्रम | पटक | ४ | २० | एउटै वडामा न्यूनतम २५ घरधुरीमा संचालन हुने | समुह, सहकारी, टोल विकास संस्था, निजी फर्म |
| १२ | भकारो सुधार कार्यक्रम | संख्या | ४० | १० | कम्तीमा १० वटाको क्लष्टरमा प्रति आवेदक न्यूनतम १ वटा | कृषक समुह, कृषि सहकारी |
| १३ | कृषि उद्यमशिलता विकास कार्यक्रम | संख्या | २२ | ४४ | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म |
| १४ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या | ३० | ३० | खाद्य प्रणाली रुपान्तरणको लागि जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म विपन्न, एकल महिला, दलित, |
| १५ | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम | पटक | १ | ३० | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ अनुसार | कृषक समुह, कृषि सहकारी, निजी फर्म |

पुनश्चः- कार्यक्रमको क्रम संख्या १ देखी १२ सम्म को लागि स्वीकृत कार्यविधि एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ रहेको छ ।

०८१/०८/२५

फोन नं : ०१-५५३४५७३/६१६ ईमेलः akclalitpur@gmail.com वेबसाईट : lalitpur.akc.gov.np

कृषि विकास कार्यालय, बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास निर्देशनालय, ललितपुर, नेपाल

पत्र संख्याः ०८१/८२

<u>आवेदन साथ संलग्न राख्नुपर्ने कागजातहरुः</u>

१. रु १० को टिकट सहित कार्यविधिको अनुसूची-४ बमोजिमको तयार पारिएको प्रस्ताव फारम ।
२. संस्था दर्ता, भ्याट/पान, नागरिकताको प्रतिलिपि, आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्र पत्रको प्रतिलिपी ।
३. समुह/सहकारी/निजी फर्मको प्रबन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु ।
४. कार्यक्रम सञ्चालन सम्बन्धि संस्थागत निर्णय भएको प्रमाण, अख्तियारी प्राप्त ब्यक्तीको नागरिकताको प्रतिलिपि ।
५. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको भए एकवर्षीय बालीको हकमा कम्तिमा ५ वर्षको करार सम्झौता गरेको हुनुपर्ने छ ।त्यस्तो करार सम्झौता सम्बन्धीत निकायबाट प्रमाणित भएको हुनुपर्नेछ ।
६. कम्तिमा ५ वर्षसम्म कार्यक्रम सञ्चालन गर्ने र लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र ।
७. कार्यक्रम संचालन सम्बन्धी सम्बन्धीत स्थानीयतह/कृषि शाखाको सिफारिसपत्र ।
८. प्रस्तावमा उल्लेखित कार्यक्रम एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीयतह वा अन्य संघ संस्थाहरुबाट सोही कामका लागि सहयोग नलिएको स्वघोषणा पत्र ।
९. कार्यालयबाट माग भएका आवश्यक अन्य कागजातहरु ।

०८१/०८/२५

तेज प्रसाद देवाडी
प्रमुख

तेज प्रसाद देवाडी
प्रमुख (अधिकृतस्तर नवौं)